**नेपाल सरकार**

**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**

**Provincial and Local Governance Support Programme (PLGSP)**

**TOR for the Design & Development of IEC materials and Online Knowledge Management Platform for MoFAGA/ PLGSP**

---

**संघियता, अन्तर-सरकार सम्बन्ध, लैंगिक समानता र सामाजिक समावेशीकरण, सहभागिमूलक योजना तर्जुमा र सुशासन लागायतका क्षेत्रमा जानकारी मूलक सूचना तथा संचार सामाग्रीहरु (IEC materials) निर्माण तथा अनलाईन ज्ञान व्यवस्थापन प्रणालीको निर्माणको निर्माण तथा बिभिन्न सञ्चार माध्यमबाट बितरणका लागि**

# कार्यक्षेत्रगत विवरण (Terms of Reference)

## 1. परिचय

प्रदेश र स्थानीय शासन प्रणाली र प्रक्रिया र अन्तर सरकारी सम्बन्धको सुदृढीकरण गर्न तथा सेवा र विकास प्रभावकारी रूपमा जनसमक्ष पुऱ्याउन प्रदेश र स्थानीय सरकारहरूको क्षमता अभिवृद्धि गर्ने उद्धेश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) शुरू भएको छ । यो कार्यक्रम संघ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, संगठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा केन्द्रित छ । यस प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ ।

यस कार्यक्रमले लिएको यस उद्धेश्य कारण, देश संघिय शासन प्रणालीमा प्रवेश गरिसके पश्चात संविधान र संघियता सम्बन्धि र यसका विषेशताहरूबारे, प्रदेश तथा स्थानिय तहको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीका विषयमा जनप्रतिनिधी तथा जनमानसमा जानकारी गराउने कार्य पनि यस कार्यक्रमको एउटा महत्वपूर्ण लक्ष रहेको छ। यसका लागी संविधान र संघियता सम्बन्धि विभिन्न क्षेत्रमा

जानकारी मूलक सूचना तथा संचार सामाग्रीहरु तयार गरी सार्वजनिक रूपमा सम्प्रेषण गर्नु आवश्यक रहेको छ ।

मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका साथ साथै केन्द्रीकृत राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेदकारी समस्या अन्त्य गर्दै संसदीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका माध्यमबाट समतामूलक समाज निर्माण गर्ने संकल्पका साथ संविधान जारी गरिएको छ । नेपालको संविधान २०७२ को ब्यवस्था बमोजिम संघिय लोकतान्त्रिक शासन प्रणालीको अभ्यास गरिरहेको छ । संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्दान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्दै दिगो शान्ति, सुशासन, विकास र समृर्दिको आंकाक्षा पूरा गर्ने लक्ष्य राखेको छ ।

संवैधानिक व्यवस्था अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ प्रदेश र स्थानीय गरी तिन तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानिय तहले संविधान तथा कानुन वमोजिम गर्न सक्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहले नेपालको स्तन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित सर्वाङ्गिण विकास, वहुदलिय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन वहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने दायित्व पाएका छन्।

संबिधानको प्रस्तावनामानै लैंगिक विभेद, सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धदान्तका आधारमा समतामूलक समाजको निर्वाण गर्ने व्यस्था गरेको छ । यस्तै गरि, नेपाल सरकारको स्थानिय सरकार संचालन ऐन, २०७४ का विभिन्न दफाहरुमा भएका प्राबधानले लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण, लैससास मैत्री काम

कर्तब्य बनाउन, स्थानिय तहको योजना तर्जुमा र कार्यन्वयनमा महिला तथा पिछडिएका वर्गको सहभागिताको सुनिश्चता, बाल/बहु विवहा र लैंङगिक हिंसाको अन्तय र लैससास अभिबृधिमा जोड दिईएको छ । अर्को तर्फ, तिनै तहका सरकारले लैससास सुनिश्चित गर्नको लागि धैरै राम्रा र उदाहरिणय अभ्यास र प्रयासहरु गरिरहेको अवस्था छ ।

तसर्थ यी बिधमान प्रावधानहरु र तिनै तहका सरकार बाट भएका लैससास, शुसासन र सहभागिमुलक योजना सम्बन्धि राम्रा अभ्यास र प्रयासहरुको दस्ताबेकिरण गरि, बिभिन्न माध्यमबाट त्यसको ब्यापक प्रचार प्रसार गर्नु पर्ने र सबै आम नागरीकहरुलाई सुशुचित गर्नु पर्ने आवश्यकता रहेको छ । यसको सम्बोधनको लागि विभिन्न तहमा भएका राम्रा अभ्यास र प्रयासहरुको बारेमा आमनागरिकहरुलाई जानकारी दिइ शुसुचित गर्ने उद्देश्यले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले संघियता, अन्तर-सरकार सम्बन्ध, लैंगिक समानता र सामाजिक समावेशीकरण, सहभागिमूलक योजना तर्जुमा र सुशासन लागायतका क्षेत्रमा जानकारी मूलक सूचना तथा संचार सामाग्रीहरु (IEC materials) को निर्माण तथा बिभिन्न सञ्चार माध्यमबाट बितरण गर्ने योजना अनुसार यो कार्यक्षेत्रगत विवरण (Terms of Reference) तयार गरिएको छ ।

## 2. उद्देश्य

यस क्रियाकलपाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

- संघियता, अन्तर-सरकार सम्बन्ध, लैंगिक समानता र सामाजिक समावेशीकरण, सहभागिमूलक योजना तर्जुमा र सुशासन लागायतका क्षेत्रमा जानकारी मूलक सूचना तथा संचार सामाग्रीहरु (IEC materials) को निर्माण गर्ने ।
- माथि उल्लेखित विषयमा निर्माण भएका सूचना तथा संचार सामाग्रीहरु बिभिन्न माध्यमबाट बितरण गर्ने ।

- माथि उल्लेखित विषयमा आम नागरीक र अन्य सरोकारवालाहरुलाई सु-सुचित गर्ने ।
- तिनै तहका सरकारमा पारदर्शिता तथा जवाफदेहिता वृर्दि गरी सार्वजनिक सेवा प्रवाह र विकासका गतिविधी सुदृढिकरण गर्ने ।

## 3. परामर्शदाताले गर्नु पर्ने क्रियाकलापहरु:

### 3.1. दस्तावेज तथा सामाग्रिको अध्ययन र प्रस्तावना तयार

- आवश्यकता अनुरुप दस्तावेज अध्ययन/ पुनरावलोकनको साथै नेपाल सरकार लगायत अन्य निकायहरुबाट तोकिएको क्षेत्रमा बनेका र सम्भावित सूचना संचार सामाग्रिहरुको बारेमा अध्ययन र जानकारी लिने
- प्रारम्भिक अध्ययनको आधारमा अनुसूचि १ मा उल्लेख गरिएका विषयमा निर्माण गर्न सकिने बिभिन्न जानकारिमूलक सूचना तथा संचार सामाग्रीहरुको (प्रसारण गर्ने योजना सहित) प्रस्तावना पेश गरी स्विकृत गर्ने

### 3.2. सामाग्रि उत्पादन

- स्विकृत प्रस्तावना अनुसार अनुसुचि १ मा तोकिएको विषय/ क्षेत्रमा सूचना तथा संचार सामाग्रीहरु (IEC materials) को प्रारंभिक डिजाईन र खाका तयार गर्ने
- प्रारंभिक डिजाईन र खाका अनुसार तोकिए बमोजिमको विषयमा सूचना तथा संचार सामाग्रीहरु (IEC materials) को मस्यौदा तयार गर्ने

### 3.3. सुझाव संकलन र छलफल तथा नमूना परिक्षण

- मस्यौदा सूचना तथा संचार सामाग्रीहरु (IEC materials) को नमूना प्रविक्षण गरि सरोकारवालाहरुबाट सुझाव संकलन गर्ने
- सरोकारवालाहरुबाट आएका सुझावहरु समेटि अन्तिम रुप दिने ।

## 4. समय सीमा

समान्यतया उल्लेखित कार्यहरु देहायको कार्यतालिका अनुसार ९० दिनको अवधिमा कार्यसम्पादन गर्नु पर्ने छ।

| सि.नं. | क्रियाकलाप | समयसीमा | जिम्मेवार निकाय | सूचक |
|---|---|---|---|---|
| | परामर्शदाताको कार्यशर्त तयारी | | | |
| | परामर्शदाता छनौट | | | |
| | परामर्शदातासंग क्रियाकलाप, ढाचाँ, उद्‌देश्यको बारेमा छलफल | | | |
| | परामर्शदाताबाट प्रारम्भिक प्रस्तावना प्राप्त र सो सम्बन्धि छलफल | ७ दिन | परामर्शदाता, PLGSP | प्रारम्भिक प्रस्तावना सहित प्रारंभिक खाका प्राप्त |
| | परामर्शदाताबाट प्रस्तावनाको आधारमा तोकिए बमोजिम बिषयमा तयार गरेको सूचना तथा संचार सामाग्रीहरुको पहिलो मस्यौदा पेश र छलफल | ३० दिन | परामर्शदाता, PLGSP | सूचना संचार सामाग्रीहरुको पहिलो मस्यौदा प्राप्त |
| | परामर्श दाताबाट PCU बाट प्राप्त सुझावको आधारमा मस्यौदा संचार सामाग्रीको परीमार्जन र छलफल | ३० दिन | परामर्शदाता, PLGSP | परामर्शदाता बाट परिमार्जित संचार सामाग्री प्राप्त |
| | मस्यौदा संचार सामाग्रीहरुको – केहि स्थानिय तहहरुमा नमुना प्ररिक्षण गर्ने | ७ दिन | परामर्शदाता | कम्तिमा १ प्रदेश र २ वटा स्थानीय तहमा परिक्षण गर्ने |
| | नमूना प्ररिक्षणबाट आएको सुझावहरुलाइ समेटि सूचना सामाग्रिहरुलाइ अन्तिम रुप दिने | १५ दिन | परामर्शदाता | प्रदेश तथा स्थानिय तहबाट मस्यौदा सामाग्रीमा सुझाव प्राप्त |

## 5. सूचना तथा संचार सामाग्रीहरुको प्रकार

- Short Animated Video
  - ३ देखि ५ मिनटको एनिमेटेड ग्राफिक्स सहितको सम्बन्धित विषयवस्तु प्रष्ट सँग सम्प्रेषण हुने भिडियो सामाग्री
- Short Video Clips
  - ३ देखि ५ मिनटको सम्बन्धित विषयवस्तु प्रष्ट सँग सम्प्रेषण हुने भिडियो सामाग्री
- Brochure
  - सम्बन्धित विषयवस्तु प्रष्ट सँग सम्प्रेषण हुने पकेट फोल्डर वा प्याकेटमा राख्न सकिने खुला वा उल्टो कागजातहरूको पर्चा वा पुस्तिका।
- Television PSA
  - अधीकतम ३० सेकेन्डको छोटो र समुदाय उन्मुख टेलिभिजन मार्फत सम्बन्धित विषयवस्तु प्रष्ट सँग सम्प्रेषण हुने अडियो-भिडियो सन्देश
- Radio PSA
  - अधीकतम ३० सेकेन्डको छोटो र समुदाय उन्मुख एफ.एम रेडियो मार्फत सम्बन्धित विषयवस्तु प्रष्ट सँग सम्प्रेषण हुने अडियो सन्देश
- Print Design (Infographics/ Posters)
  - सम्बन्धित विषयवस्तु प्रष्ट हुने गरि वेबसाईट, अनलाईन मिडिया मार्फत सम्प्रेषण गर्न सकिने र A4 देखि A3 साईजको प्रिन्ट गर्न सकिने स्तर (minimum 300dpi) को ग्राफिक्स डिजाईन सामाग्री

- Online Knowledge Management Portal/platform
  - सम्बन्धित विभिन्न विषय/ क्षेत्रहरुका अध्ययन सामाग्रीहरू (word, pdf, ppt, video etc) राख्न र पढ्न/हेर्न सकिने अनलाईन ज्ञान व्यवस्थापन प्रणाली (online knowledge management portal). MoFAGA, PLGSP मा हाल संचालनमा रहेको क्षमता विकास सूचना प्रणाली (CDMIS) मा आवद्ध हुने प्रयोगकर्ताले सामाग्री राख्न सक्ने/ पढ्न सक्ने गरी डिजिटल संसाधनहरूको माध्यमबाट शिक्षा र प्रशिक्षणको वितरण गर्न सकिने प्रणाली । अध्ययन सामाग्री सहित असल अभ्यासहरु, सफलताका कथा, सिकाई र ज्ञान (Learning and knowledge), वस्तुगत अध्ययन (Case Study) समुदायको विचार/भनाई लगायत गतिविधहरूको संकलन, दस्तावेजिकरण, र वेब तथा सामाजिक संजाल र ईमेलहरूमा सम्प्रेषण गर्ने प्रयोजनका लागी प्रणाली निर्माण।

## 6. निर्माण गर्नुपर्ने सूचना तथा संचार समाग्रीको सम्भावित विषय क्षेत्रहरू

- PLGSP कार्यक्रमबारे जानकारी, सफलताका कथाहरू
- जनसहभागिता सहितको स्थानिय तह योजना प्रकृया
- जवाफदेहिता र उत्तरदायित्व
- दिगो विकास लक्ष स्थानिकरण
- लै.स.सा.स. परिक्षण, लैङ्गिक उत्तरदायी बजेट, संविधानमा लै.स.सा.स. सम्बन्धि प्रावधान
- सुरक्षित र लैङ्गिक संवेदनशिल कार्यक्षेत्र
- अन्य

(नोट: यी विषय क्षेत्रहरु, छलफलका र आवश्यकताका आधारमा थप-घट गर्न सकिने छन् ।)

## 7. परामर्शदाता / संस्थाको योग्यता र अनुभव

- परामर्शदाता वा संस्थाले विभिन्न सामाजिक विषय/ मुद्दाहरुमा नेपाल सरकार लगायत अन्य सामाजिक संस्थाहरुको सूचना तथा संचार सामाग्रीहरु लागि बनाएको अनुभव
- सचेतनामुलक/ जानकारिमूलक सूचना तथा संचार सामाग्रीहरु निमार्ण क्षेत्रमा कम्तिमा १० बर्षको अनुभव भएको
- उक्त कम्पनिमा सूचना तथा संचार सामाग्री निमार्णको लागि विभिन्न विषयमा आवश्यक दक्ष जनशक्तिहरु (बुँदा ८ अनुसारका) भएको

## 8. आवश्यक मानव श्रोत

| क्र. स. | विज्ञ | संख्या | गर्नुपर्ने कार्य | सम्बन्धित क्षेत्रमा अनुभव | योग्यता |
|---|---|---|---|---|---|
| १ | टोली प्रमुख | १ | सूचना तथा संचार सामाग्री निर्माणको योजना, कार्यान्वयन र सम्प्रेसणको नेतृत्व र सफलता पूर्वक सम्पन्न गर्ने | १० वर्ष | सम्बन्धित कुनै विषयमा स्नात्कोत्तर गरेको |
| २ | प्रिन्ट/ ग्राफिक्स डिजाईनर | २ | Infographics र Brochure का लागी ग्राफिक्स डिजाईन गरि प्रिन्ट गर्न तयार गर्ने | ५ वर्ष | सम्बन्धित विषयमा स्नातक गरी, ग्राफिक्स डिजाईन सम्बन्धि तालिम गरेको |
| ३ | भिडियो एनिमेटर/ डिजाईनर | २ | Short Animated Video का लागी भिडियो एनिमेसन डिजाईन गरि सम्प्रेसन गर्न तयार गर्ने | ५ वर्ष | सम्बन्धित विषयमा स्नातक गरी, भिडियो डिजाईन सम्बन्धि तालिम गरेको |
| ४ | सामाग्री लेखक, प्रुफ राईटर | १ | Short Animated Video, Radio PSA र प्रिन्ट सामाग्रीको लेखन समाग्री | ३ वर्ष | सम्बन्धित कुनै विषयमा स्नात्कोत्तर गरेको |
| ५ | मिडिया पर्सन | १ | Short Video, TV/ Radio PSA लागायत अन्य सूचना तथा संचार सामाग्रीको निर्माण सफलतापूर्वक सम्प्रेषण गर्ने | ५ वर्ष | सम्बन्धित कुनै विषयमा स्नात्कोत्तर गरेको |
| ६ | सूचना प्रविधी विज्ञ | १ | Development of Online Knowledge Management Portal | ५ वर्ष | सम्बन्धित कुनै विषयमा स्नात्कोत्तर गरेको |
| ७ | स्थानीय शासन विज्ञ | १ | सूचना तथा संचार सामाग्री निर्माणको विषयवस्तु छनौट, लेखन सामाग्रीको सम्पादन, र सामाग्री कार्यान्वयन र सम्प्रेषण सफलता पूर्वक सम्पन्न गर्ने | १० वर्ष | सान्दर्भिक कुनै विषयमा स्नात्कोत्तर गरेको |

## अनुसुची १: अध्ययन गर्नुपर्ने मुख्यमुख्य दस्तावेजहरु

---

- संवैधानिक प्रावधानहरू
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको १५ औ राष्ट्रिय योजना
- दिगो विकास लक्ष्यहरु र नेपालको प्रतिबद्धता
- PLGSP कार्यक्रम दस्तावेज
- नेपालमा संघीयता कार्यान्वयनका लागि आवश्यक क्षमताको लेखाजोखा
- नेपाल सरकारको नीति तथा कार्यक्रमहरु
- नेपाल सरकारले विकास र सुशासनको विषयमा गरेका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरु